※भरेको उदाहरण

कल्याण कोष (समग्र सहयोग कोष) विशेष ऋणसँग सम्बन्धित महत्त्वपूर्ण बुँदाहरूको व्याख्यापत्र

कल्याण कोषसँग सम्बन्धित उद्घोष विवरण

(ऋण जारी गर्नेबारे)

1 यस परिषद्ले ऋण दिने निर्णय गरी, ऋणको लागि आवेदन दिने व्यक्तिले हस्ताक्षर गरी, इन्कान (स्ट्याम्प) लगाएको ऋण वाचापत्र पेस गरेमा, ऋण लिने व्यक्तिले तोकेको वित्तीय संस्थामा ऋण दिने निर्णय गरिएको रकम (ऋण) ट्रान्सफर गरी आवेदकलाई प्रदान गर्नेछ।

(व्यवस्थापन प्रणालीमा दर्ता गर्ने तथा विश्वास जानकारीको जवाफ दिनेबारे)

2 ऋण लिने व्यक्ति जिल्ला बाहिर बसाइ सरेको खण्डमा, राष्ट्रिय समाज कल्याण परिषद्को व्यवस्थापन प्रणालीमा जिल्ला बाहिर बसाइ सरेको व्यक्तिको रूपमा कल्याण कोषको ऋणसँग सम्बन्धित जानकारी दर्ता गरिनेछ।

साथै अन्य जिल्लाका समाज कल्याण परिषद्हरूबाट कल्याण कोषसँग सम्बन्धित विश्वास जानकारी जाँचबुझको लागि सम्पर्क गरिएको खण्डमा, फिर्ता गर्न बाँकी रकम जस्ता आवश्यक जानकारीसँग संलग्न भएका विश्वास जानकारी प्रदान गरिनेछ।

(जनकल्याणकारी अधिकारीलाई सूचित गराउने बारे)

3 आवेदक बसोबास गर्ने क्षेत्रको परामर्श सहायता गतिविधि गर्ने जनकल्याणकारी अधिकारीलाई ऋण आवेदनको नतिजाबारे सूचित गराइन सक्छ।

(म्याद भित्र फिर्ता नगरेमा तिर्नुपर्ने ब्याजबारे)

4 ऋण फिर्ता योजनामा तोकिएको फिर्ता गर्ने म्यादसम्ममा फिर्ता गर्नुपर्ने रकम (ऋण) फिर्ता नगरिएको खण्डमा, म्याद पछि फिर्ता गर्न बाँकी सावाँमा वार्षिक 3.0% को दरले ब्याज लगाइनेछ।

(ताकेताबारे)

5 ऋण फिर्ता गर्ने म्यादको अन्तिम दिन बितेपछि पनि सम्पूर्ण रकम फिर्ता नगरिएको खण्डमा, यस परिषद् अथवा नगरपालिका वा गाउँपालिकाको समाज कल्याण परिषद्ले ऋण लिने व्यक्तिलाई ताकेता गर्नेछ।

साथै निरन्तर फिर्ता नगरिएको स्थिति कायम रहेमा यस परिषद् वा नगरपालिका वा गाउँपालिकाको समाज कल्याण परिषद्ले घर खर्चको हिसाब स्थिति आदिबारे सोधपुछ वा अन्तर्वार्ताको मध्यमद्वारा छानबिन गर्न सक्छ।

(उद्धार प्रणालीबारे)

6 ऋण लिने व्यक्तिले आवेदन दिई, यस परिषद्को अध्यक्षद्वारा प्राकृतिक प्रकोप वा अन्य अपरिहार्य परिस्थितिहरूको कारण भुक्तानी गर्न नसक्ने भनेर स्वीकार गरिएको खण्डमा, फिर्ता गर्नुपर्ने रकमको भुक्तानी म्याद लम्ब्याउने वा छुट गरिन सक्छ।

(सहमति अदालतबारे)

7 ऋण लिने व्यक्ति र यस परिषद् बीच मुद्दा दायर गर्नुपर्ने अवस्था सृजना भएको खण्डमा, यस परिषद् भएको ठाउँ क्षेत्राधिकारमा पर्ने अदालत, सहमति अदालत हुनेछ।

8 कल्याण कोषको प्रयोगसँग सम्बन्धित गुनासो

कल्याण कोषको प्रयोगसँग सम्बन्धित ऋणको लागि आवेदन दिने व्यक्ति वा ऋण लिने व्यक्तिको गुनासो सुनेर आवश्यक कदमहरू चाल्नको लागि प्रत्येक जिल्लामा गुनासो दर्ता काउन्टरको व्यवस्था गरिएको छ।

(1) प्रत्येक जिल्ला समाज कल्याण परिषद् गुनासो दर्ता काउन्टर
सामान्य मामिला योजना शाखा, योजना, समन्वय तथा जानकारी प्रदान सम्बन्धित कर्मचारी फोन: 045-311-1423

(2) कल्याण सेवा सञ्चालन व्यवस्थापन समिति फोन: 045-317-2200

(सम्बन्धित जिल्लाको समाज कल्याण परिषद्सँग परामर्श लिए तापनि समाधान नभएको खण्डमा, कल्याण सेवा सञ्चालन व्यवस्थापन समितिमा गुनासो दर्ता गर्न सकिन्छ।)

ऋण लिएको अवधिमा कडा रूपमा पालना गर्नुपर्ने कुराहरू

यस प्रणालीको उद्देश्य भनेको "ऋण तथा आवश्यक मार्गदर्शन प्रदान गरी आर्थिक स्वतन्त्रता र दैनिक जीवनयापन इच्छालाई बढुवा दिनुका साथै गृह कल्याण तथा सामाजिक सहभागिताको प्रवर्धन गरी, स्थिर जीवन बिताउन सक्ने बनाउनु" हो। ऋण लिने व्यक्तिले तल लेखिएका विवरण (कल्याण कोष ऋण प्रणालीको सिद्धान्त, मुख्य बुँदा आदिमा तोकिएका विवरणहरू आदि) को पालना गर्नुपर्नेछ।

1 ऋण दिने निर्णय पछि पठाइने ऋण फिर्ता योजना अनुसार तोकिएको भुक्तानी म्यादसम्ममा तोकिएको फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्नुपर्नेछ।

2 ऋण लिने व्यक्तिले निम्न कुराहरू भएको खण्डमा तुरुन्तै सूचित गराउनुपर्नेछ।

(1) ठेगाना परिवर्तन भएको बेला।
(2) नाम वा थर परिवर्तन भएको बेला।
(3) मृत्यु वा बसोबास स्थल अज्ञात भएको बेला।
(4) प्राकृतिक प्रकोप, आगलागी र अन्य विपद्हरूको कारण गम्भीर क्षति भएको बेला।

3 ऋण लिने व्यक्तिले तल लेखिएका कुराहरू मध्ये कुनै एउटा कुरा मात्र गरेको खण्डमा पनि, ऋण लिने व्यक्तिसँग सम्पूर्ण ऋण वा आंशिक ऋण रकम फिर्ता मागिन वा ऋण जारी रद्द गरिन सक्छ।

(1) अन्य ऋण फिर्ता गर्न प्रयोग गर्ने जस्ता प्रदान गरिएको ऋणको प्रयोग जथाभावी परिवर्तन गरेमा वा अन्यत्र दुरुपयोग गरेको खण्डमा।
(2) झूटो आवेदन वा अवैध तरिकाबाट ऋण लिएको खण्डमा
(3) जानाजानी फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको खण्डमा
(4) ऋण प्रदान गरिनुको उद्देश्य पूरा हुने आशा नरहेको खण्डमा

आवेदक स्वयंले लेखी, इन्कान लगाउन अनुरोध गर्दछौं।

म माथि लेखिएका सबै कुराहरू स्वीकार गर्दछु।

** मे 2020
(तारिख महिना साल)

ऋण लिने व्यक्ति ठेगाना योकोहामा सहर, कानागावा वडा, सावातारी 4-2

नाम कानागावा तारो इन्कान (स्ट्याम्प)

※यो कोषबाट प्रदान गरिने रकम ऋण हो। तपाईंले यो रकम (ऋण) फिर्ता गर्नुपर्नेछ।

※यस परिषदमा यो पत्रको ओरिजिनल पेस गरी, ऋण आवेदकले यो पत्रको प्रतिलिपि राख्नुहोस्।